# प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह

**Inspector General of Police Dhiraj Pratap Singh**

**Chief of Nepal Police**

**प्रहरी प्रधान कार्यालय,**
नक्साल, काठमाडौं, नेपाल ।
**Police Headquarters,**
Naxal, Kathmandu, Nepal


## प्रहरी महानिरीक्षकज्यूबाट शुभकामना

नेपालीहरूको महान चाडहरू बडा दशैं, तिहार र छठ पर्व, २०७९ को पावन अवसरमा देशभित्र तथा विभिन्न तालिम एवम् संयुक्त राष्ट्रसंघीय मिशनहरूमा विदेशमा खटिएका नेपाल प्रहरीका सकल दर्जाका प्रहरी कर्मचारीहरू, पूर्वज प्रहरी कर्मचारीहरु एवम् समस्त परिवारका सदस्यहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नागरिकको जीउधनको सुरक्षार्थ परिवारका सदस्यहरूबाट टाढा रहेर अहोरात्र खटिँदै आएका हाम्रा सकल दर्जाका प्रहरी कर्मचारीहरूको कर्तव्यपरायणताबाट नागरिकले ढुक्कसँग चाडपर्व मनाउने अवस्था सुनिश्चित भएको छ । यसै बीच परिवारका सदस्यहरु माँझ दशैं मनाउने सुअवसर प्राप्त गर्नु हुने प्रहरी कर्मचारीहरूलाई पनि विरलै आउने यस्तो अवसरको सदुपयोग गर्न आग्रह गर्दछु । राष्ट्रसेवामा समर्पित हुन नेपाल प्रहरीमा आबद्ध आफ्ना प्रियजनलाई कर्तव्यमै केन्द्रित रहन हौसला प्रदान गर्नुहुने समस्त परिवारजनको त्याग प्रति कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

कोभिड- १९ को महामारीका बीच नेपालीहरूले गत दुईवटा दशैं हर्षोल्लाससँग मनाउन पाएनन् । महामारी नियन्त्रणका क्रममा अग्रपंक्तिमा खटिएको प्रहरी संगठनले कर्तव्यलाई प्रधान मान्दा हामीले महामारी र कर्तव्यकै बीच चाडपर्व मनाएका हौं । त्यस कठिन समयमा हामी सबैले गरेको मेहनत र त्यागले अहिलेको अवस्था केही सहज भएता पनि पूर्ण जोखिममुक्त भइसकेको छैन । यसैबीच डेंगु संक्रमणले थप स्वास्थ्य संवेदनशीलता बढाएको छ । जोखिमका बीच कर्तव्यमा रमाउन बानी परेपछि हामीले पाएको सबैभन्दा बढी फाइदा भनेको स्वास्थ्य सतर्कता सम्बन्धी बोध हो । रोगव्याधिबाट टाढा रहेर यो बडा दशैं मनाउने अवसर सकल दर्जालाई प्राप्त होस् भनी नवदुर्गा भवानीसँग म प्रार्थना गर्दछु ।

निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष हो र २०७९ साललाई हामीले निर्वाचन वर्षको रुपमा मनाउँदै गरेको विदितै छ । निर्वाचनलाई सम्पन्न गर्न आवश्यक पर्ने पूर्वशर्त सुरक्षा नै हो र त्यो जिम्मेवारी बहन गर्ने महत्वपूर्ण अभिभारा र अवसर नेपाल प्रहरीलाई प्राप्त भएको छ । निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न आफूलाई सुम्पिएको जिम्मेवारी व्यावसायिक तवरले पूरा गर्न सकल दर्जालाई शुभकामना र निर्देशन दिन्छु ।

शान्ति-सुरक्षा, अपराध नियन्त्रण र घटित अपराधको अनुसन्धान गर्ने मुख्य दायित्व मात्र होइन तोकिएका र नतोकिएका थुप्रै जिम्मेवारी बहन गर्ने भरोसा योग्य संस्थाको रूपमा नेपाल प्रहरी चिनिँदै आएको छ । विभिन्न जिम्मेवारी एकसाथ बोक्न पाउनु अवसर हो । हरेक जिम्मेवारीमा खरो उत्रनुपर्ने र अपेक्षित परिणाम दिनुपर्ने जनआकाँक्षा चनौतीपूर्ण पनि छ । मेहनत, ईमान्दारिता, करुणा, निष्ठा, सेवाभाव र इच्छाशक्तिले नै हामीलाई अवसर र चुनौती दुवैमा अब्बल सावित हुन सघाउ पुऱ्याउँदछ । नवदुर्गा भवानीको आशीर्वादबाट यी गुणहरु हामी सबैलाई सदैव प्राप्त भई आपसी भाइचारालाई अक्षुण्ण राख्दै एकवद्ध भई अझ दत्तचित्त र व्यावसायिकताका साथ नागरिकलाई सेवा दिन सक्षम तुल्याउनेछ ।

यो बडा दशैं, तिहार र छठ पर्वले सकल दर्जा तथा पूर्वज प्रहरी कर्मचारीको घर-घरमा उमङ्ग र उत्साह ल्याओस्; सबैलाई अटल स्वास्थ्य, पारिवारिक सुख र समृद्धि प्राप्त होस्, यही शुभकामना व्यक्त गर्न चाहन्छु ।

२०७९ असोज १४ गते ।

प्रहरी महानिरीक्षक
(धिरज प्रताप सिंह)


पोष्ट बक्स नं. ४०७, कार्यालय: ९७७-१-४४१२७३७, ४४१२४३२, फ्याक्स: ९७७-१-४४१५५९३
ईमेल: dhirajpratap2@gmail.com/phqigs@nepalpolice.gov.np, वेबसाइट: https://www.nepalpolice.gov.np,
प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौँ।